ネパール語

जापानी र विदेशीहरूका लागि

स्थानीय अन्तरक्रिया पुस्तिका

~ दयालुताका साथ सुरुवात हुने सहजीवन समाज~

日 本 人 と 外 国 人 の た め の
地 域 交 流 ハ ン ド ブ ッ ク
～ や さ し さ か ら 始 め る 共 生 社 会 ～

परिचय

हामी बसोबास गर्ने इलाकामा धेरै किसिमका मानिसहरू बस्छन्।
मानिसहरूको राष्ट्रियता, उमेर, लिङ्ग, अपाङ्गता छ कि छैन, संस्कृति, व्यक्तित्व र सोच्ने तरिका, राम्रोसँग गर्न सक्ने कुरा र कमजोरीहरू आदि फरक फरक छन्।

भिन्नता जस्तोसुकै भएपनि सबैजना सुरक्षित र खुसीसाथ जीवन बिताउन सक्ने इलाका कसरी सिर्जना गर्ने भन्ने बारे सुरागहरूको अनुरोधको जवाफमा यो पुस्तिका सिर्जना गर्न थाल्यौं।

यो पुस्तिका बनाउन अझै पूरा भएको छैन।
प्रत्येक इलाकाको आफ्नै आकर्षण कुराहरू हुन्छन् र त्यहाँ बसोबास गर्ने मानिसहरू पनि फरक-फरक हुन्छन्। विभिन्न ठाउँहरूमा विभिन्न कार्य योजना अगाडि बढाउँदै यस पुस्तिकालाई बिस्तारै सुधार गर्दै जान चाहन्छौं।

इलाकामा दयालु भावना, दयालु बोली र सजिलो जापानी भाषा फैलाउन सँगै काम गरौं।

तपाईंको सहयोगको लागि धन्यवाद।

सार्वजनिक हित प्रतिष्ठान किताक्युशु अन्तर्राष्ट्रिय संघ

विषय सूची

परिचय

विषय सूची

"विदेशीहरू" भनेको को हुन्? २

इलाकामा सँगै बसोबास गर्नको लागि ४

अभिवादन मार्फत एकअर्कासँग जोडिऔं ६

नागरिक केन्द्र र छिमेकी संघ ७

यस्तो अन्तरक्रिया सुरु गरेका छौं ८

किताक्युशु शहर बहुसांस्कृतिक सहजीवन वान्-स्टप सूचना केन्द्र २०

सजिलो जापानी भाषा र अनुवाद एप २१

"विदेशीहरू" भनेको को हुन्?

"विदेशीहरू" भने पनि धेरै प्रकारका हुन्छन्।
जापान भ्रमण गर्ने विदेशी पर्यटकहरू, अन्तर्राष्ट्रिय विद्यार्थीहरू, प्राविधिक इन्टर्न प्रशिक्षार्थीहरू र 'विदेशी नागरिक भएपनि जापानमा जन्मेका र हुर्केका र जापानी भाषा मात्र बोल्ने व्यक्ति' पनि छन्। समाचार र इन्टरनेटमा "विदेशीहरू" बारे आएका विषयहरू जापानमा बसोबास गर्ने सबै "विदेशीहरू" मा लागू हुने होइन।

जापानी नागरिकता नभए पनि ९० दिन वा सोभन्दा बढी समय जापानमा बसोबास गर्ने व्यक्तिको जापानी नागरिकको जस्तै आवास प्रमाण पत्र हुन्छ।
साथै जापानी नागरिकले जस्तै स्वास्थ्य बिमा र पेन्सन प्रिमियम तिर्छन् र काम गर्नेहरूले जापानी नागरिकले जस्तै कर तिर्छन्।

*यो पुस्तिका किताक्युशुमा बस्ने नागरिकहरू (जापानी र विदेशीहरू) को लागि सिर्जना गरिएको हो।
त्यसकारण यस पुस्तिकामा "विदेशीहरू" भन्ने अभिव्यक्तिले विशेष नोटहरू नभएसम्म सबै "विदेशी नागरिकहरू" लाई जनाउँछ।

१. नागरिकहरू(जापानी र विदेशीहरू)को संख्यामा परिवर्तन



北九州市国際政策課提供データをもとに作成

■किताक्युशु शहरको जनसंख्या

लगभग ९,००,००० जना

■ किताक्युशु शहरको विदेशीहरूको जनसंख्या

लगभग १६,००० जना

■ कुल जनसंख्यामा विदेशीहरूको अनुपात

लगभग २ %

२. विदेशी नागरिकहरूको संख्या (राष्ट्रियता अनुसार)



३. विदेशी नागरिकहरूको संख्या (बसोबास योग्यता अनुसार)



*नोट १ निर्दिष्ट सीप भनेको के हो?
जापानमा गम्भीर श्रम अभाव भएका उद्योग क्षेत्रहरू (नर्सिङ हेरचाह, निर्माण र रेस्टुरेन्ट उद्योग आदि) मा तुरुन्तै योगदान दिन सक्ने निश्चित स्तरको विशेषज्ञता र सीप भएका विदेशी कामदारहरूलाई स्वीकार गर्न सन् २०१९ अप्रिल मा स्थापित बसोबास योग्यता

४. विदेशी नागरिकहरूको संख्या (उमेर समूह अनुसार)

जापानभरि जनसंख्या घट्दै गएको छ।
विशेष गरी श्रम जनशक्तिको संख्या सुरक्षित गर्नु गम्भीर समस्या हो।
कामदारहरू पुग्दैन भने हाम्रो दैनिक जीवनमा कस्तो असर गर्छ?

चालकहरू पुग्दैन भने बस र रेल सेवाहरू घटाउन सक्छ र रेल लाइनहरू बन्द गरिन सक्छ।
इन्जिनियर र कामदारहरू पुग्दैन भने घरहरू, उपकरणहरू, सडकहरू आदि मर्मत गर्न धेरै समय लाग्न सक्छ वा तिनीहरू मर्मत गर्न नसकेर बिग्रिएको अवस्थामा त्यत्तिकै राखिन सक्छ।
नर्सिङ हेरचाहकर्ताहरू पुग्दैन भने नर्सिङ हेरचाह सेवाहरूको गुणस्तर घट्न सक्छ वा मानिसहरूले नर्सिङ हेरचाह प्राप्त गर्न सक्षम नहुन सक्छ।

वास्तवमा यस्तो कुराहरू पहिले नै विभिन्न ठाउँहरूमा हुन थालेको उदाहरणहरू हो।
"जागिरको अवसर पोस्ट गर्दा पनि आवेदकहरू फेला पार्न नसक्ने" वा "विदेशी कामदारहरू बिना बन्द हुने" कम्पनीहरू पनि धेरै छन्।

लगभग ६०%
विदेशी बासिन्दाहरू
२० र ३० को दशकका छन्।



सामग्रीहरूको प्रदान: किताक्युशु शहर अन्तर्राष्ट्रिय नीति विभाग

विशेष गरी किताक्युशु शहरमा जन्मदर घट्दै र वृद्ध जनसंख्या धेरै बढ्दै गएको छ र समाजलाई समर्थन गर्ने पुस्ता घट्दै गइरहेका छन्।
अर्कोतर्फ विदेशीहरूलाई मात्र हेर्छौं भने कामको लागि जिम्मेवार हुने पुस्ताको अनुपात ७०% भन्दा बढी छ।

हाम्रो दैनिक जीवनमा सुविधा पसलहरूमा बेन्टो बक्स उपलब्ध गराउने र प्याकेजहरू डेलिभर गर्ने जस्ता हामीले नदेखेका तरिकाले पनि विदेशीहरूले सहयोग गरेका छन्। भविष्यमा हामीलाई नर्सिङ हेरचाहको आवश्यकता पर्दा त्यो विदेशी बाटको कोहीले हेरचाह गर्न सक्छ। हाम्रो दैनिक जीवनमा हामी कहिलेकाहीं अरूलाई मद्दत गर्छौं र कहिलेकाहीं हामीले मद्दत पाउँछौं। विभिन्न विचारहरू छन् तर बिर्सन नहुने कुरा भनेको जाति वा राष्ट्रियताको पर्वाह नगरी पहिला अरूलाई बुझ्ने र स्वीकार गर्ने भावना हुनुपर्ने होइन र?

५. बसोबास योग्यता

जापानमा बसोबास गर्ने विदेशी नागरिकहरू बसोबास योग्यता प्राप्त गर्न आवश्यक जाँच पास गरेर जापान आएका छन्। बसोबास योग्यता “केको लागि जापानमा बस्ने” त्यो अनुसार वर्गीकृत गरिएका कुल २९ प्रकारका बसोबास योग्यताहरू छन्।

就労が認められる在留資格（活動制限あり）

在留資格	該当例
外交	外国政府の大使、公使等及びその家族
公用	外国政府等の公務に従事する者及びその家族
教授	大学教授等
芸術	作曲家、画家、作家等
宗教	外国の宗教団体から派遣される宣教師等
報道	外国の報道機関の記者、カメラマン等
高度専門職	ポイント制による高度人材
経営・管理	企業等の経営者、管理者等
法律・会計業務	弁護士、公認会計士等
医療	医師、歯科医師、看護師等
研究	政府関係機関や企業等の研究者等
教育	高等学校、中学校等の語学教師等
技術・人文知識・国際業務	機械工学等の技術者等、通訳、デザイナー、語学講師等
企業内転勤	外国の事務所からの転勤者
介護	介護福祉士
興行	俳優、歌手、プロスポーツ選手等
技能	外国料理の調理師、スポーツ指導者等
特定技能	特定産業分野（注１）の各業務従事者
技能実習	技能実習生

（注１）介護、ビルクリーニング、工業製品製造業、建設、造船・舶用工業、自動車整備、航空、宿泊、自動車運送業、鉄道、農業、漁業、飲食料品製造業、外食業、林業、木材産業［令和６年３月２９日閣議決定］

身分・地位に基づく在留資格（活動制限なし）

在留資格	該当例
永住者	永住許可を受けた者
日本人の配偶者等	日本人の配偶者・実子・特別養子
永住者の配偶者等	永住者・特別永住者の配偶者、我が国で出生し引き続き在留している実子
定住者	日系３世、外国人配偶者の連れ子等

就労の可否は指定される活動によるもの

在留資格	該当例
特定活動	外交官等の家事使用人、ワーキングホリデー等

就労が認められない在留資格（注２）

在留資格	該当例
文化活動	日本文化の研究者等
短期滞在	観光客、会議参加者等
留学	大学、専門学校、日本語学校等の学生
研修	研修生
家族滞在	就労資格等で在留する外国人の配偶者、子

（注２）資格外活動許可を受けた場合は、一定の範囲内で就労が認められる。

出典：法務省 出入国在留管理庁資料

विदेशी नागरिकहरूले जापानमा बस्नका लागि विस्तृत जाँच लिएको रहेछ है

"कार्य भिसा" भनिने भिसा छ भनेर सोचेको!

इलाकामा सँगै बसोबास गर्नको लागि -फोहोरको बारेमा-

हामी सबैले फोहोरको बारेमा कुरा गर्यौं।

*यो संवाद सुनेको विवरणमा आधारित तयार गरिएको फिक्शन हो।

हालसालै केही मानिसहरूले सप्ताहन्तमा आफ्नो घरको फोहोर फाल्ने, विभिन्न प्रकारका फोहोरलाई प्लास्टिक भाँडा र प्याकेजिङ झोलाहरूमा मिसाउने वा जालीले राम्ररी नढाक्ने गरेको देखेका छौं। कागहरूले ठाउँ फोहोर गर्ने भएकाले सफा गर्न झन्झट हुन्छ र फोहोर यताउता छाड्नु अस्वच्छ हुन्छ, त्यसैले यो समस्या हो। यो नजिकै बस्ने विदेशीको फोहोर हुन सक्छ, त्यसोभए हामीले के गर्नुपर्छ जस्तो लाग्छ?

वास्तवमा, किन नेट छ भनेर सधैँ सोचेको थिएँ। म जापान आउँदा धेरै कागजातहरू दिइयो त्यसैले फोहोरलाई के गर्ने भनेर व्याख्या गर्ने एउटा कागजात पनि थियो होला तर त्यसमा नेटको बारेमा उल्लेख गरिएको थियो कि थिएन याद छैन। थाहै नपाई समस्या निम्त्याइरहेको हुन सक्छ।

जापानीहरू नियमहरूप्रति धेरै वफादार छन्। मेरो देशमा पनि फोहोर छुट्याउने नियमहरू छन् तर सबैले ती पालना गर्दैनन्। त्यसकारण फोहोर छुट्याउने नियमहरू पालना नगर्दा अरूलाई समस्या हुन्छ भन्ने कुरा थाहा नभएका व्यक्तिहरू पनि हुन सक्छन्।

म नियम र शिष्टाचार पालना गर्ने व्यक्ति हुँ। तर म विदेशी भएकोले मानिसहरूले मलाई "अपराधी" ठानेको हो कि भनेर चिन्ता छ। नराम्रो काम गर्ने विदेशीहरू भएमा मानिसहरूले हामी सबै विदेशीहरू खराब छन् भनेर गलत बुझ्ने जस्तो भएर मलाई दुःख लाग्छ।

म जापानमा १० वर्षभन्दा बढी समयदेखि बस्दै आएको छु, तर किताक्युशुमा सर्दा फोहोर व्यवस्थापन सम्बन्धी नियमहरू फरक भएको थाहा पाउँदा म छक्क परें। अहिले पनि कसरी फ्याँक्ने भनेर थाहा नभएका चीजहरू छन् त्यस्तो अवस्थामा म तिनीहरूलाई "घरेलु फोहोर" सँग फ्याँक्छु तर सायद समस्या निम्त्याउँदैछु जस्तो लाग्यो। उदाहरणका लागि, आल्मुनियम र फलामबाट बनेका फ्राइङ प्यान र भाँडाहरू पुन: प्रयोग गर्न सकिन्छ त्यसैले फ्याँक्नु खेर फाल्नु हो जस्तो लागेको थियो। यसलाई फाल्ने कुनै विशेष तरिका छ भने बुझ्न चाहन्छु।

मैले भाँडा, फ्राइङ प्यान र दूधका बाकसहरू नागरिक केन्द्रको सङ्कलन बाकसमा राख्छु। प्रयोग भइसकेका लुगाहरू सङ्कलन गर्ने नागरिक केन्द्रको स्थान पनि थाहा पाउन सकेकोले अर्को पटक त्यहाँ केही लैजाने योजनामा छु।

कसरी फाल्ने थाहा नहुँदा कहिलेकाहीं किताक्युशु अन्तर्राष्ट्रिय संघको बहुसांस्कृतिक सहजीवन वान्-स्टप सूचना केन्द्रलाई सोधेको छु। थ्रीडी प्रिन्टरको मसी कसरी फाल्ने भनेर थाहा नभएर समस्या भइरहेको समयमा परामर्श दिने कर्मचारीले किताक्युशु नगरपालिकाको वातावरणीय ब्यूरोलाई सोध्नुभयो। मसीको प्रकार जस्ता विस्तृत विवरणहरू जापानी भाषामा व्याख्या गर्न गाह्रो थियो त्यसैले विदेशी भाषामा मलाई सिकाउनु भएकोले धेरै मदत पाएको थियो।

सबैको कुरा सुनेपछि विदेशीहरूले नियमहरू पालना गरिरहेका छैनन् होला भनेर आफै सोचेको मैले महसुस गरें। विदेशीहरूले नियमहरू थाहा नभएकोले गल्ती गरिरहेका मात्र हुन सक्छ वा जापानीहरूले नियमहरू पालना नगरेको हुन सक्छ भनेर महसुस गरें। माफ गर्नुहोस्। जे भए पनि, सबैजना ढुक्कसँग बाँच्न सक्नेगरी नियमहरूको बारेमा स्पष्ट रूपमा जानकारी गराउन चाहन्छु, के यो गर्ने कुनै राम्रो तरिका छ कि?

मेरो इलाकामा धेरै विदेशीहरू बस्ने एउटा अपार्टमेन्ट छ तर सुरुमा सबैलाई फोहोर व्यवस्थापनको नियम थाहा थिएन र जापानी भाषा पनि पढ्न आउँदैनथ्यो, त्यसैले वातावरणीय केन्द्रसँग परामर्श गरे। त्यसपछि फोहोर स्टेशनमा नि:शुल्कमा बहुभाषी ब्यानर राखिदिनुभयो। धेरै मदत पाए।

इलाकामा सँगै बसोबास गर्नको लागि

~गतिविधिहरूमा भाग लिने र अरूसँग अन्तरक्रिया गर्ने~

हामी सबैले इलाकाका गतिविधिहरूको बारेमा कुरा गर्यौं

*यो संवाद सुनेको विवरणमा आधारित तयार गरिएको फिक्शन हो।

जापानमा मेरो परिवार वा चिनेजाने कोही नभएकोले म एक्लो महसुस गर्छु। इन्टरनेटमा अनुसन्धान गर्दा, मैले "छिमेकी संघ" भन्ने कुराको बारेमा थाहा पाएँ। मलाई कहिल्यै निम्तो गरिएको छैन, विदेशीहरू सामेल हुन सकिँदैन? के तपाईंहरू छिमेकी संघमा सामेल हुनुभएको छ?

म सामेल भएको छु। मेरा बच्चाहरूको रोएको आवाजहरूले छिमेकीहरूलाई दुःख दिएको छु कि भनेर माफिको भावनाले सताएको बेला मैले वडा कार्यालयमा छिमेकी संघको बारेमा थाहा पाएँ। एकपटक छिमेकका मानिसहरूलाई चिनेपछि उनीहरूले मसँग कुरा गर्न थाले र मैले उनीहरूलाई नमस्कार गर्ने धेरै अवसरहरू पाएँ, त्यसैले पहिलेभन्दा ढुक्क भएर यहाँ बस्न सकेको छु।

म काममा व्यस्त भएर इलाकाका कार्यक्रमहरूमा भाग लिने समय छैन, त्यसैले म सामेल भएको छैन। मैले काम गर्ने कम्पनीको सहकर्मी छिमेकी संघको प्रमुख बने, र उनले मलाई भने कि उनी बैठकहरूमा उपस्थित हुने र इलाकाको कार्यक्रमहरूको लागि घोषणाहरू लेख्ने गर्छु भन्नु भएको थियो। म जापानी भाषामा कुराकानी गर्न सक्छु तर किताब्युशुको बोली वा छिमेकी संघमा प्रयोग हुने भाषा बुझ्दिनँ त्यसैले छिमेकी संघमा सामेल हुन गाह्रो हुन्छ जस्तो लाग्छ।

म पनि पहिले सामेल भएको थिएन। तर शहरका सडक बत्तीहरू र फोहोर स्टेशनहरू छिमेकी संघको पैसाले सञ्चालित छन् भनेर सुनेर छिमेकी संघको शुल्क तिर्न सामेल हुने निर्णय गरें। म कुनै पनि गतिविधिमा भाग लिइरहेको छैन तर हालसालै भारी वर्षा हुँदा छिमेकका मानिसहरूले चिन्ता व्यक्त गर्दै मलाई सम्पर्क गर्नुभयो। मेरो घरको अगाडिको ढोकासम्म पानी आउँदै गरेकोले म डराएको थिएँ त्यसैले म एक्लै बसेकोले यो मेरो लागि धेरै आश्वस्त पार्ने कुरा थियो। अहिले मेरो परिवार ठूलो भएको जस्तो लाग्छ।

"छिमेकी संघ" भनेको के हो भनेर राम्रो सँग बुझेको छैन तर छिमेकमा मेरा नजिकका साथीहरू छन्।
हालको घरमा सर्दा म छिमेकीहरूलाई नमस्कार गर्न वरिपरि गएँ। मेरो देशमा घर सर्दै आउँदा नमस्कार गर्नु सामान्य हो तर जापानीहरूले पनि त्यसलाई स्वीकार गर्छन् कि गर्दैनन् भन्ने कुरामा म चिन्तित थिएँ। सुरुमा कोहीकोही भने छक्क परे तर सबै जनाले धेरै नो स्वागत गर्नुभयो, मलाई ढुक्क महसुस भयो। म नमस्कार गर्न गएको भोलिपल्ट, छिमेकी वृद्धआमाले "पहिले खेतीबाली गर्थें तर अब म गर्न सक्दिनँ, तपाईंलाई मनपर्छ भने तपाईं गर्न सक्नुहुन्छ" भन्नुभयो र अब म सानो खेतीबाली गर्छु। मैले काटेको तरकारी आमालाई पनि दिन्छु। आमाले पनि मलाई पकाएको तरकारी दिनुहुन्छ, मेरो जापानी परिवार जस्तो लाग्छ।



यस इलाकामा विदेशीहरू बढ्दै छन् त्यसैले म उनीहरूसँग अन्तरक्रिया गर्न चाहन्छु। विदेशीहरू र जापानीहरू भनेर नछुट्याइकन एउटै इलाकामा बसोबास गर्ने बासिन्दाहरूले एकअर्कासँग कुराकानी गर्नु र बुझ्नु महत्त्वपूर्ण छ जस्तो लाग्छ। छिमेकी संघमा सामेल हुनुभएन भने पनि चामलको पिठो कुटेर मोची बनाउने र सांस्कृतिक उत्सवहरू जस्ता इलाकाका कार्यक्रमहरूमा भाग लिन सक्नुहुन्छ भने राम्रो हुन्छ। तर मलाई अंग्रेजी आउँदैन, विदेशीहरूले जापानी भाषा बुझ्छन् कि बुझ्दैनन् भन्ने मलाई थाहा छैन र उनीहरूसँग कसरी कुरा गर्ने भन्ने पनि मलाई थाहा छैन।

मानिसहरू मसँग कुराकानी गर्दा मलाई धेरै खुसी लाग्छ। मलाई पनि अंग्रेजी बोल्न आउँदैन, त्यसैले जापानी भाषामा ठीक छ। तर मलाई जापानी भाषा राम्रो आउँदैन त्यसैले मलाई धेरै डर लाग्छ।
जापानीहरू जापानी भाषा छिटो बोल्छन् र पाठ्यपुस्तकहरूमा देखा नपर्ने धेरै शब्दहरू छन् त्यसैले गाह्रो छ। म भन्दा उमेर ठूलो व्यक्तिहरूसँग नराम्रो नलाग्ने तरिकाले बोल्ने प्रयास गर्छु, त्यस्तो गर्दा जापानी भाषा बोल्न झनै गाह्रो हुन्छ। मेरो इलाकामा जापानी भाषाको कक्षा छ भने म जान चाहन्छु।

जापानीसँग कुरा गर्न विदेशीलाई साहस चाहिन्छ। तर जापानीहरूको लागि पनि यही कुरा सत्य हो भन्ने थाहा पाउँदा म छक्क परें। मलाई जापानी भाषा बोल्ने बानी छैन त्यसैले जापानी भाषामा बोल्दा वा सुन्दा धेरै दिमागी शक्ति प्रयोग गरेकोले म धेरै थकित हुन्छु। त्यसैले एउटै देशका मानिसहरूसँग घुलमिल हुन सजिलो छ। तर सत्य के हो भने, म इलाकाको चाडपर्वहरूको बारेमा जान्न चाहन्छु। मेरो देश र भाषा जापानीहरूलाई परिचय गराउने अवसर मिल्यो भने म यो गर्न चाहन्छु। इलाकाका मानिसहरूले सजिलो जापानी भाषामा कुरा गरेर समय निकालेर सुन्न सके भने उनीहरूसँग अन्तरक्रिया गर्न सजिलो हुनेछ जस्तो लाग्छ।

अभिवादन मार्फत एकअर्कासँग जोडिऔं

तपाईंले बाटोमा पास भएका वा भेट्नुभएका मानिसहरूलाई अभिवादन गरौं।
नचिनेको व्यक्तिलाई अभिवादन गर्न साहस चाहिन्छ होला। तर जापानी र विदेशी दुवैले अभिवादन गर्दा अभिवादन फर्काउनु राम्रो शिष्टाचार मानिन्छ। अनि साथी बन्ने पहिलो चरण भनेको अभिवादन हो।
भेटेका मानिसहरूको भाषामा अभिवादन गर्दा उनीहरूसँग नजिक हुन मद्दत गर्नेछ।

सुरुमा जापानी भाषामा

जापानमा बस्ने धेरै विदेशीहरू अंग्रेजी भन्दा जापानी भाषा राम्रो बोल्नेहरू धेरै छन्।
सुरुमा "नमस्कार" वा "राम्रो मौसम है" जस्ता साधारण अभिवादनबाट सुरु गरौं।

भेटेका मानिसहरूको भाषामा

भेटेका मानिसहरूले सामान्यतया बोल्ने भाषा थाहा पाएपछि त्यस भाषामा अभिवादन गर्ने प्रयास गर्नु कस्तो छ? विदेशीहरूलाई उनीहरूको भाषामा अभिवादन गरेको भए तिनीहरू खुसी हुनेछन्। यसले जीवन्त कुराकानी सुरु गर्न सक्छ।

日本語	こんにちは	元気？	いいね！	ありがとう	またね
ベトナム語	Xin chào シン チャオ	có khoẻ không? コ クエ コン？	Thích! ティック！	Cảm ơn カム オン	Hẹn gặp lại ヘン ガップ ライ
中国語	你好 ニー ハオ	你好吗？ ニーハオマ？	很好! ヘン ハオ!	谢谢 シエ シエ	再见 ザイ ジィエン
ネパール語	नमस्ते ナマステ	सन्चै हुनुहुन्छ? サンチャイ？	त्यो त राम्रो भयो! ラムロ！	धन्यवाद ダンネバード	फेरि भेटौंला フェリ ベトゥラ
インドネシア語	Selamat siang. スラマット シアン	Apa kabar? アパカバール？	bagus! バグース！	Terima kasih. テリマカシ	Sampai jumpa. サンパイ ジュンパ
フィリピン語	Magandang araw. マガンダン アラウ	Kumusta ka? クムスタカ？	Nice! ナイス！	Salamat. サラマット	See you. スィー ユー
ミャンマー語	မင်္ဂလာပါ ミンガラーバー	နေကောင်းပါရဲ့လား ネーカウンバーデーラー？	ကောင်းတယ်! カウンデー！	ကျေးဇူးတင်ပါသည် チェーズーティンバーデー	သွားတော့မယ် トアドーメー
英語	Hello ハロー	How are you? ハウ アー ユー？	great!/ nice! グレイト!／ナイス!	Thank you サンキュー	See you. スィー ユー
タイ語	男性：สวัสดีครับ サワディーカップ 女性：สวัสดีค่ะ サワディーカー	男性：สบายดีไหมครับ サバーイディーマイカップ？ 女性：สบายดีไหมค่ะ サバーイディーマイ？	ดี ディー！	男性：ขอบคุณครับ コープクンクラップ 女性：ขอบคุณค่ะ コープクンカー	เจอกันใหม่ ジャー ガン マイ

नागरिक केन्द्र र छिमेकी संघ

नागरिक केन्द्र इलाकाका मानिसहरूका लागिको ठाउँ हो।
“आफ्नै शहर आफ्नै हातले” निर्माण गर्ने उद्देश्यले यो किताक्युशु शहरले सिर्जना गरेको हो। जापानी र विदेशी दुवैले प्रयोग गर्न सक्छन्।
रुचिको गतिविधिहरू (गायन, व्यायाम, खाना पकाउने, अध्ययन गर्ने आदि), परामर्श (बाल-पालन, दैनिक जीवन आदि), अन्तरक्रिया र स्वयंसेवा गर्ने व्यक्तिहरूले नागरिक केन्द्रको कोठा भाडामा लिन सकिन्छ।

नागरिक केन्द्रमा खेलकुद र चाडपर्व जस्ता कार्यक्रमहरूका साथै दैनिक जीवनमा उपयोगी हुने पाठ्यक्रमहरू पनि आयोजना गरिएको छ। इलाकाका मानिसहरूले कहिलेकाहीं इलाकाको बारेमा बैठकहरू आयोजना गर्छन् र आँधीबेहरी वा भारी वर्षा आदिको कारण घरमा बस्न खतरनाक हुँदा यहाँ आश्रयको रूपमा पनि काम गर्छ।

छिमेकी संघ भनेको इलाकाको सरसफाइ, घाँस काट्ने, चाडपर्वहरू आयोजना गर्ने र अपराध रोकथामको लागि गस्ती गर्ने जस्ता बासिन्दाहरूले एकअर्कालाई आफू बसोबास गर्ने ठाउँहरूलाई अझ ढुक्क भएर बस्न बनाउने ‘एकअर्कालाई मद्दत गर्ने’ समूह हो। फोहोर स्टेशन र सडक बत्तीहरूको व्यवस्थापनको लागि छिमेकी संघको पैसा प्रयोग गरिएको छ।
छिमेकी संघमा सामेल भएर यी कार्यक्रमहरूमा भाग लिँदा आफ्ना छिमेकीहरूलाई अभिवादन गर्ने अवसरहरू बढ्छन् र बासिन्दाहरूले एकअर्कालाई सहयोग दिन र पाउन सजिलो हुनेछ।

https://www.ktqc01.net/mina/ydcc/

उदाहरणका लागि योशिदा स्कूल क्षेत्रमा यस्ता कार्यक्रमहरूमा भाग लिन सक्नुहुन्छ

वसन्त अप्रिल-जुन
चेरी ब्लासम हेर्ने पैदल यात्राजुकेला अवलोकन कार्यक्रमयोशिदा प्रकोप रोकथाम महोत्सव

गर्मी जुलाई–अगस्ट
बालबालिकाको ग्रीष्मकालीन महोत्सव

शरद ऋतु सेप्टेम्बर–नोभेम्बर
क्यानोइङ अनुभवयोशिदा नदी सफाईयोशिदा महोत्सवतातो फुरेई योशिदा महोत्सव

जाडो डिसेम्बर–मार्च
शरद ऋतुको पातहरू हिँड्नेयोशिदा मोची पाउन्डिङ महोत्सव

https://www.ktqc01.net/mina/yscc/

उदाहरणका लागि योकोशिरो स्कूल क्षेत्रमा यस्ता कार्यक्रमहरूमा भाग लिन सक्नुहुन्छ

वसन्त अप्रिल-जुन
वसन्त पैदल यात्राशहर सौन्दर्यीकरण अभियानयोकोशिरो प्रकोप रोकथाम चुनौतीग्राउन्ड गल्फ प्रतियोगिता

गर्मी जुलाई-सेप्टेम्बर
शहरव्यापी रात्रिकालीन गस्तीमानव अधिकार कन्सर्टखेलकुद ब्लोगन प्रतियोगिताशहर सौन्दर्यीकरण अभियान

शरद ऋतु अक्टोबर-डिसेम्बर
योकोशिरो लालटिन महोत्सवयोकोशिरो सांस्कृतिक महोत्सवग्राउन्ड गल्फ प्रतियोगिता

जाडो जनवरी-मार्च
नयाँ खेलकुद प्रतियोगिताविच्छेद प्रतियोगितासाकुरा पैदल यात्रा

नागरिक केन्द्र खुल्ने समय

सोमबार देखि शुक्रबार:
बिहान ९ बजे देखि बेलुका १० बजे
※नागरिक केन्द्र अनुसार बन्द हुने समय फरक-फरक हुन्छ

शनिबार:
बिहान ९ बजे देखि साँझ ५ बजे

※आइतबार, सार्वजनिक बिदाहरू र वर्षको अन्त र नयाँ वर्षको बिदा (डिसेम्बर २९ तारिख देखि जनवरी ३ तारिख सम्म)मा बन्द

यस्तो अन्तरक्रिया सुरु गरेका छौं
~ कोकुरा मिनामी वार्ड योशिदा स्कूल क्षेत्र ~

●कार्य योजनाको सारांश

सन् २०२५

सोमबार, जुलाई २८ तारिख
योशिदा स्कूल क्षेत्रको वर्तमान अवस्था र समस्याहरूको बारेमा राय आदानप्रदान

आइतबार, अगस्त १० तारिख
"योशिदा महोत्सव" मा भाग लिने
(भारी वर्षाका कारण रद्द गरियो)

बुधबार, अक्टोबर २२ तारिख
विदेशी बासिन्दाहरूसँग सुन्ने
टोबाटा आइरन वर्क्स कम्पनी लिमिटेडसँग पहिलो भेटघाट

आइतबार, नोभेम्बर २ तारिख

शनिबार, नोभेम्बर २२ तारिख
जापानी र विदेशीहरूको अन्तरक्रिया, नागरिक केन्द्रको परिचय
किताक्युशु अन्तर्राष्ट्रिय संघको कार्यक्रममा भाग लिने

सन् २०२६

आइतबार, जनवरी ४ तारिख
स्थानीय अन्तरक्रिया कार्यक्रम (नयाँ वर्ष बार्बिक्यु फेस्टिवल) आयोजना

आइतबार, फेब्रुअरी १ तारिख
स्थानीय अन्तरक्रिया कार्यक्रम (योशिदामा भियतनाम टेट महोत्सव) आयोजना

● कुरा सुन्ने व्यक्ति

योशिदा नागरिक केन्द्र
भवन निर्देशक योशिको इवाओ जी

जापानी बासिन्दा
कोकोने चिवाकि जी
(विश्वविद्यालयका विद्यार्थी)

विदेशी बासिन्दा
विन्ह जी, हा जी, हुङ जी
(टोबाटा आइरन वर्क्स कम्पनी लिमिटेड)

योशिदा स्कूल क्षेत्र
शहर योजना परिषद्
अध्यक्ष चिकारा ओगुची जी

टोबाटा आइरन वर्क्स कम्पनी लिमिटेड
ताकाशी ओकिनागा जी, काजुया नोदा जी

यस्तो अन्तरक्रिया सुरु गरेका छौं
~ कोकुरा मिनामी वार्ड योशिदा स्कूल क्षेत्र ~

● यो कार्य योजना सुरु गर्नु अघिको अवस्था कस्तो थियो?

पहिला योशिदा नागरिक केन्द्रमा पनि विदेशीहरूसँग अन्तरक्रिया प्रवर्द्धन गर्ने उद्देश्यले पाठ्यक्रमहरू सञ्चालन गरेको सुनेको थिएँ तर कर्मचारी र निर्देशकको परिवर्तनका कारण पाठ्यक्रमहरू जारी राख्नसकेको थिएन।
साथै फोहोर कसरी फाल्ने भन्ने बारेमा चेतावनी दिएपछि सुध्रिएको वा साइकलबाट काममा जाँदा अभिवादन गर्दै छु जस्ता कुराहरू इलाकाका बासिन्दाहरूबाट सुनेको थिएँ तर हामीसँग उनीहरूलाई सम्पर्क गर्ने कुनै उपाय थिएन।

योशिदा स्कूल क्षेत्रमा केही समयदेखि विदेश बाट आएका मानिसहरू बसोबास गर्दै आएको कुरा हामीले स्थानीय बासिन्दाहरूबाट जानकारी पाएर थाहा पाएका थियौं। स्कूल क्षेत्र भित्रका पार्कहरूमा फुटबल खेल्थ्यो र बच्चाहरूसँग मैत्रीपूर्ण तरिकाले अन्तरक्रिया गर्थ्यो भन्ने जानकारी पनि सुनेका थियौं त्यसैले मलाई यसमा त्यत्ति अनौठो लागेन।
तर केही बासिन्दाहरूमा बुझाइको कमीका कारण चिन्तित र पूर्वाग्रही भएको व्यक्ति पनि रहेछ।

● इलाकाका विदेशी बासिन्दाहरूसँग अन्तरक्रिया गर्दा कस्तो अनुभव भयो?

यस पटक प्राविधिक इन्टर्न प्रशिक्षार्थी र निर्दिष्ट सीप भएको विदेशी बासिन्दासँग पहिलो पटक कुरा गरें। म जापानी भाषा मात्र बोल्ने भएकोले सबैसँग कुराकानी गर्न सक्छु कि सक्दिनँ भन्ने चिन्ता थियो तर ती चिन्ताहरू चाँडै हराइहाल्यो।
सबैले जापानी भाषा राम्ररी सिकेको र बिस्तारै बोल्दा अरूले बुझ्न सकिने देखेर मलाई ढुक्क महसुस भयो। सायद इलाकाका मानिसहरू पनि विदेशीहरूसँग "कुराकानी गर्ने" भन्ने कुरा अवरोध महसुस गरेर चिन्तित र टाढा महसुस गर्छन्।
सांस्कृतिक भिन्नता र उमेरका कारण सोचमा भिन्नता भए पनि सुरुमा कुरा गर्नु महत्त्वपूर्ण छ भनेर मैले महसुस गरें।

मसँग पनि विगतमा होमस्टे आयोजना गर्ने र विदेशीहरूसँग अन्तरक्रिया गर्ने अनुभव छ, त्यसैले मैले अन्तरक्रिया आफैंमा रमाइलो पाएँ। अर्कोतर्फ बासिन्दाहरूसँगको दूरी घटाउनु रातारात हासिल हुन नसक्ने, समय र धैर्य लाग्ने कार्य हो भनेर महसुस गरें।

यस्तो अन्तरक्रिया सुरु गरेका छौं

~कोकुरा मिनामी वार्ड योशिदा स्कूल क्षेत्र~

● कोकोने जीको बारेमा बताउनुहोस्

म बाल्यकालदेखि नै योशिदामा बस्दै आएको छु। विश्वविद्यालयमा म जापानी संस्कृति अध्ययन गर्दैछु, मुख्यतया आधुनिक उपन्यासहरूमा केन्द्रित छु। म किताक्युशु विश्वविद्यालयको तुलनात्मक संस्कृति विभागमा आबद्ध भएकोले जापानी र विश्व संस्कृतिहरूको तुलनाको बारेमा सिकिरहेको पनि हुन्छु, त्यसैले यो अन्तर्राष्ट्रिय अन्तरक्रिया कार्यक्रममा आएर मैले सिकेको कुरालाई मेरा कक्षाहरूमा प्रयोग गर्न सकूँ भन्ने आशामा भाग लिने निर्णय गरें।

● स्कूल क्षेत्रको विदेशी बासिन्दाहरूसँग अन्तरक्रिया गर्दा कस्तो अनुभव गर्नुभयो?

प्राविधिक इन्टर्न प्रशिक्षार्थीहरू एउटै छिमेकमा बस्छन् भन्ने थाहा पाउँदा म छक्क परें। जापानी एनिमे भियतनाममा पनि लोकप्रिय छ र उस्तै रुची भएका मानिसहरूलाई भेटेर हामीले राम्रो कुराकानी गर्यौं। मेरो मनपर्ने एनिमे संसारभरि मन पराइएको देखेर म धेरै खुसी भएँ। म अझै कुरा गर्न चाहन्थें तर हामीसँग पर्याप्त समय थिएन त्यसैले म फेरि भेटेर अन्तरक्रिया गर्न चाहन्छु।

● भविष्यमा तपाईं के गर्न चाहनुहुन्छ?

यस इलाकामा वर्षभरि विभिन्न कार्यक्रमहरू आयोजना गरिन्छ। यी कार्यक्रमहरूको लागि पर्याप्त कर्मचारीहरू नभएको वास्तविकता पनि छ। निश्चयै, सहभागी हुन मात्र नभई स्टाफको रूपमा काम गर्न पनि प्रोत्साहित गर्दछु, किनकि यसले राष्ट्रियतालाई पार गरेर कार्यको मूल्यलाई अझ बढाउनेछ। स्वीकृति व्यवस्था तयार गर्दै तपाईंको सक्रिय सहभागिताको लागि आशा गर्दछौं।

इलाकामा घुलमिल भएको हामी चाहन्छौं! सुरुमा कार्यक्रमहरू र विभिन्न गतिविधिहरूमा भाग लिएर इलाकाका मानिसहरूसँगको सम्बन्धलाई अझ गहिरो बनाउनुहोस्। अर्को चरणको रूपमा यस पटक अन्तरक्रिया गरेका विदेशी बासिन्दाहरू र युवा विश्वविद्यालयका विद्यार्थीहरूलाई इलाकाको विकासमा सँगै सहभागी गराउनु आदि यसलाई कुनै न कुनै रूपमा जारी राख्न चाहन्छु।

यस्तो अन्तरक्रिया सुरु गरेका छौं
~ कोकुरा मिनामी वार्ड योशिदा स्कूल क्षेत्र ~

● आफ्नो बारेमा बताउनुहोस्

मेरो नाम विन्ह हो। म भियतनामबाट आएको हुँ। म जापानमा आएको ६ वर्ष भयो। मेरो मनपर्ने खाना सुशी हो। मेरो रुची भनेको यात्रा गर्नु र स्टकमा लगानी गर्नु हो। जापान आउनुअघि जापान विकसित देश हो र मानिसहरू कडा र चिसो छन् भनेर सोचेको थियो तर मैले अहिलेसम्म भेटेका जापानीहरू सधैं धेरै मिलनसार छन्।

मेरो नाम हुङ हो। म भियतनामबाट आएको हुँ। यस वर्ष म १९ वर्षको भएँ। म जापानमा आएको साढे नौ महिना भयो। मलाई मनपर्ने कुरा भनेको संगीत सुन्नु हो। मेरो मनपर्ने खाना गुलियो खानेकुरा हो। हाई स्कूल पढ्ने समयमा मैले इन्टरनेटमा जापान सुन्दर र शान्त देश हो भनेर थाहा पाएँ। मलाई शान्त देशहरू मन पर्ने भएकोले मैले जापान जाने निर्णय गरें।

नमस्कार। मेरो नाम हा हो। म भियतनामबाट आएको हुँ। म जापानमा आएको भर्खर ३ वर्ष भयो। मेरो रुची संगीत सुन्नु हो। मेरो मनपर्ने जापानी खाना उडोन हो।
जापान आउनुअघि जापान एकदमै सुन्दर देश लाग्यो र जापानका विभिन्न ठाउँहरू घुम्न चाहन्थेँ।

● इलाकाका मानिसहरूसँगको अन्तरक्रिया कस्तो भयो?

जनवरी ४ तारिखमा भएको बार्बिक्यु ठ्याक्कै नयाँ वर्षको समयमा थियो त्यसैले परिवार जस्तो महसुस भएर खुसी लाग्यो।

धेरै रमाइलो भयो। मेरो छापमा जापानीहरू हँसिलो, मिलनसार र सक्रिय हुन्छन्। फेरि नागरिक केन्द्रमा अन्तरक्रिया गरौं। कृपया सबैजना आउनुहोस्।

सुरुमा मलाई डर लागेको थियो तर बिस्तारै रमाइलो हुँदै गयो। जापानीहरूलाई भेट्न पाउँदा म सहभागी हुन पाउँदा खुसी छु।

● कृपया दुई चार शब्द भन्नुहोस्

सबैजनाले यदि कतै मलाई बाहिर देख्नुभयो भने नमस्ते भन्नुहोस्।
जापानी भाषामा ठीक छ। धेरै धन्यवाद।

यस्तो अन्तरक्रिया सुरु गरेका छौं
~ कोकुरा मिनामी वार्ड योशिदा स्कूल क्षेत्र ~

● टोबाटा आइरन वर्क्सले विदेशी कामदारहरूलाई स्वीकृति गर्ने बारे बताउनुहोस्

जापानी मानिसहरूलाई काममा राख्न गाह्रो भएको कारणले सुरु भयो। सुरुमा इन्डोनेसियालीहरूलाई, अहिले भियतनामीहरूलाई काममा राख्यौं र हाल १२ औं ब्याचका हुन्। उनीहरूमा उन्नतिको चाहना छ र जापानीहरू भन्दा केही कुरामा राम्रो छन् त्यसैले ३ वर्षको प्रशिक्षण अवधि पछि घर जानु पर्यो भने समस्या हुनेछ।



पहिलाको प्रशिक्षार्थीहरूको लक्ष्य ३ वर्ष मात्र कडा परिश्रम गर्ने, ओभरटाइम गर्ने र पैसा कमाउने थियो। तर निर्दिष्ट सीप प्रणाली स्थापना भएपछि र जापानमा मानिसहरूले काम गर्न सक्ने समयावधि बढाउन सम्भव भएदेखि उनीहरूको सोच "म जापानी भाषा सिक्न चाहन्छु र लामो समयसम्म जापानमा बस्न चाहन्छु" मा परिवर्तन भएको छ। जापानी भाषा सीप सुधार गर्ने दृष्टिकोण पनि परिवर्तन हुँदैछ।

गएको पटक जापानबाट फर्किएकाहरूमध्ये केही ‘निर्दिष्ट सीपको रूपमा रहन चाहन्थें जस्तो सोचे पनि” तर जापानी भाषाको सीपको कमीको कारण परीक्षा उत्तीर्ण हुन नसकेका प्रशिक्षार्थीहरू पनि थिए। त्यसैले यस पटक हामी प्राविधिक इन्टर्न पछि निर्दिष्ट सीपमा सर्ने इच्छुक छन् कि छैनन् भनेर प्रारम्भिक चरणमा निश्चय गर्न चाहन्छौं र प्राविधिक इन्टर्न प्रशिक्षार्थीहरूलाई जापानी भाषा सिक्ने अवसर दिएर जापानमा रहन सक्नेगरी मदत गर्न चाहन्छौं ।
हाम्रा जस्ता कम्पनीहरू विदेशीहरूमा बढी निर्भर हुनेछन् त्यसैले हामीले निर्दिष्ट सीपलाई स्वीकार गर्ने बारेमा विचार गर्नुपर्छ र यससँग अगाडि बढ्नु पर्छ जस्तो लाग्छ।

● इलाकाको अन्तरक्रियामा भाग लिँदा तपाईंलाई कस्तो लाग्यो?

प्रशिक्षार्थीहरू कति अनुकूलनीय थिए भनेर म छक्क परें।
काममा भियतनामी सहकर्मीहरू छन् त्यसैले म भियतनामी भाषामा बोल्ने गर्छु तर यी अन्तरक्रिया कार्यक्रमहरूमा वृद्ध व्यक्तिहरूले सक्रिय रूपमा जापानी भाषामा बोल्नु भयो भने मेरो जापानी भाषा सीप सुधार गर्न सक्छु, जापानी संस्कृतिको बारेमा जान्न सक्छु र उनीहरूले धेरै रमाइलो गरिरहेको देखिन्छ त्यसैले यो अवसर पाएकोमा साँच्चै खुसी छु।

सहभागी हुँदा म अलि छक्क परें। सोचभन्दा बढी वृद्ध व्यक्तिहरूका मानिसहरू कुनै अवरोध नभई आफ्नै नातिनातिना जस्तै व्यवहार गर्थे। प्रशिक्षार्थीहरूले भनेको कुराको आधा भाग सायद बुझेका थिएनन् तर उनीहरूले ध्यान दिएर सुने र काममा नदेखाउने यस्तो व्यवहार देखेर छक्क परें, सोचभन्दा बढी अरूसँग मिलेर बसेका थिए।

उनीहरू पनि अरूसँग अन्तरक्रिया गर्न र विभिन्न ठाउँहरूमा जान चाहन्छन् जस्तो मलाई लाग्छ। तर एक्लै गर्न सक्दैनन् र आफैं बोल्न पनि गाह्रो छ। कम्पनीको रूपमा हामी निजी मामिलाहरूमा हस्तक्षेप गर्न सक्दैनौं त्यसैले इलाकामा अन्तरक्रिया गर्ने अवसर पाएकोमा म धेरै आभारी छु।

हामी बीच एउटा समानता भनेको खेलकुद! प्रायः फुटबल र ब्याडमिन्टन खेल्छौं। हामीले आफ्नै पिङ पङ टेबल बनाएर पनि खेल्यौं।
साथै जापानी भएका हाम्रो पक्ष पनि उनीहरूको बारेमा थप जान्न चाहन्छौं त्यसैले उनीहरूलाई भियतनाम देश र संस्कृतिको परिचय गराउने अवसर बनाउन पायौं भने राम्रो छ जस्तो लागेको छ।

यस्तो अन्तरक्रिया सुरु गरेका छौं

~ कोकुरा मिनामी वार्ड योशिदा स्कूल क्षेत्र ~

यस्तो अन्तरक्रिया सुरु गरेका छौं

~ कोकुरा मिनामी वार्ड योशिदा स्कूल क्षेत्र ~

यस्तो अन्तरक्रिया सुरु गरेका छौं

~ कोकुरा मिनामी वार्ड योशिदा स्कूल क्षेत्र ~

यस्तो अन्तरक्रिया सुरु गरेका छौं
~ कोकुरा मिनामी वार्ड योकोशिरो स्कूल क्षेत्र ~

● कार्य योजनाको सारांश

सन् २०२५
मंगलबार, जुलाई २२ तारिख
विदेशी बासिन्दाहरूसँगको अन्तरक्रियाको बारेमा विचारको आदानप्रदान
त्यसपछि योजना बैठकहरू (महिनामा एक वा दुई पटक)

बिहिबार, जुलाई ३१ तारिख
इवानागा उद्योग कम्पनी लिमिटेड र केइशूकान कम्पनी लिमिटेड सँग भेटघाट

शनिबार, सेप्टेम्बर २७ तारिख
योकोशिरो अन्तर्राष्ट्रिय अन्तरक्रिया फार्म सुरु भयो (यसपछि समय अनुसार)

शनिबार, अक्टोबर ११ तारिख
'योकोशिरो लालटिन महोत्सव' स्वयंसेवक र सहभागी

नोभेम्बर देखि
विदेशी बासिन्दाहरूसँगको सम्बन्धको बारेमा जानकारी सङ्कलन

सन् २०२६
मंगलबार, जनवरी २० तारिख
स्थानीय अन्तरक्रिया कार्यक्रम (उडोन अन्तर्राष्ट्रिय अन्तरक्रिया नाइट) आयोजना

● कुरा सुन्ने व्यक्ति

योकोशिरो नागरिक केन्द्र
भवन निर्देशक जुन्को मासुमोतो जी

जापानी बासिन्दा
काओरी यानो
(किताक्युशु अन्तर्राष्ट्रिय संघ)

विदेशी बासिन्दा
जाइरिल जी र रेइमार जी
(केइशूकान कम्पनी लिमिटेड)

इवानागा उद्योग कम्पनी लि
प्रतिनिधि निर्देशक
टोरु इवानागा जी

योकोशिरो प्राथमिक विद्यालय
कर्मचारी
शिक्षक योको हिगो जी

यस्तो अन्तरक्रिया सुरु गरेका छौं
~ कोकुरा मिनामी वार्ड योकोशिरो स्कूल क्षेत्र ~

● कार्य योजना सुरु गरेको पृष्ठभूमिको बारेमा बताउनुहोस्

पहिले देखि नागरिक केन्द्रको रूपमा “इलाकामा बसोबास गर्ने विदेशीहरूले पनि जापानीहरू जस्तै नागरिक केन्द्र प्रयोग गर्न सकून्” भन्ने सोचेको थियो।
विशेष गरी विपद्को अवस्थामा आश्रयको रूपमा काम गर्ने र समस्या पर्दा विभिन्न विभागहरूसँग सम्पर्क गर्न सक्ने काउन्टरको रूपमा काम गर्छ भन्ने कुरा विदेशीहरूलाई पनि बताउन चाहन्थ्यौं तर कहाँबाट सुरु गर्ने थाहा थिएन।
यसबाहेक केन्द्रमा आएकाहरूसँगको कुराकानीमा केही निश्चित संख्याका मानिसहरू विदेशीहरू विरुद्ध पूर्वाग्रह राख्छन् भन्ने कुरा पनि थाहा पाएँ र "यो कुरा त्यतिकै छोड्नु हुँदैन!" जस्तो पनि लागेको थियो।

बहुसांस्कृतिक सामाजिक कार्यकर्ताको रूपमा म धेरै वर्षदेखि शहरमा विदेशीहरूलाई परामर्श र सहयोग प्रदान गर्ने काममा संलग्न गर्दै आएको छु तर अचानक आफू बसेको योकोशिरो स्कूल क्षेत्रका विदेशीहरूको बारेमा मलाई केही थाहा छैन भनेर महसुस गरें।
त्यसैले एक दिन नागरिक केन्द्रमा जाँदा स्कूल क्षेत्रका विदेशीहरूसँग स्कूलको सम्बन्धको बारेमा मैले निर्देशक मासुमोतोलाई सोधें। मैले स्वयंसेवा गरेको कारण मेरो सम्पूर्ण परिवारले नागरिक केन्द्रबाट सहयोग पाएको छ तर मैले मेरो कामको बारेमा कुरा गरेको त्यो सायद पहिलो पटक थियो।
मलाई अचम्म लाग्यो, निर्देशकले मलाई भने, "नगरिक केन्द्रको रूपमा, हामी विदेशीहरूसँग पनि सम्पर्क गर्न चाहन्थ्यौं" र मलाई लाग्यो कि म एक बासिन्दाको रूपमा केही गर्न चाहन्छु।

एउटै इलाकाका बासिन्दाहरूलाई एकअर्कासँग ‘प्रत्यक्ष भेटघाट हुने सम्बन्ध’ कसरी निर्माण गर्न सकिन्छ भनेर सोचिरहेको थिएँ र मैले यानो जीबाट किताक्युशु अन्तर्राष्ट्रिय संघको परियोजनाको बारेमा सुनेको त्यही बेलामै थियो।
त्यति बेला, यानो जीको स्वयंसेवा कार्य समाप्त भएपछि मैले उहाँसँग छोटो कुराकानी मात्र गरें, त्यसैले पछि मैले योकोशिरो स्कूल क्षेत्रमा गर्न सकिने परियोजनाहरूको सूची तयार पारें र उहाँसँग फेरि परामर्श गरें।

●तपाईंले केबाट सुरु गर्नुभयो?

हामी किताक्युशु अन्तर्राष्ट्रिय संघ पनि कहाँ, कस्तो विदेशीहरू बस्छन्, कुन कम्पनी र स्कूलमा विदेशीहरू छन् भन्ने कुरा पूरै थाहा पाएको त छैन। त्यसैले मेरा विभिन्न सम्पर्कहरू प्रयोग गरेर स्कूल क्षेत्र भित्रका कम्पनीहरूसँग कुरा गर्न घुमेर आएँ। ती मध्ये इलाकासँग अन्तरक्रिया गर्न सकारात्मक प्रतिक्रिया दिएको कम्पनीबाट अनुमति पाएर भवन निर्देशकलाई “सँगै कुरा गर्न जाऔं” भनेर उहाँलाई आमन्त्रित गरें।

योकोशिरोमा बसोबास गर्ने विदेशीहरूसँग हाम्रो अहिलेसम्म कुनै सम्बन्ध नभएको हुनाले सुरुमा हाम्रा गतिविधिहरूको उद्देश्य बुझ्ने कम्पनीहरूसँग सम्पर्क गर्न चाहन्थ्यौं र किताक्युशु अन्तर्राष्ट्रिय संघबाट धेरै सहयोग पायौं।
इवानागा उद्योग र केइशूकानको परिचय पाएकोले हामीले "नागरिक केन्द्रमा आधारित अन्तरक्रिया" को प्रस्ताव पत्र सिर्जना गरेर कम्पनीका अध्यक्षहरूलाई अभिवादन र व्याख्या गर्न भेट्न गयौं। त्यति बेला पनि किताक्युशु अन्तर्राष्ट्रिय संघले हामीलाई साथ दिनुभएकोले ढुक्क महसुस भयौं।
त्यसै समयमा हामीले “बहुसांस्कृतिक सहजीवन शहरको निर्माणलाई प्रवर्द्धन” गर्न एउटा शैक्षिक भिडियो सिर्जना गर्यौं र यसलाई नागरिक हलमा देखाउन थाल्यौं।

यस्तो अन्तरक्रिया सुरु गरेका छौं
~ कोकुरा मिनामी वार्ड योकोशिरो स्कूल क्षेत्र ~

● के तपाईंले कुनै कुरा सुधार्नु भयो?

अहिलेसम्म "प्लान्टरहरूमा तरकारी खेती मार्फत अन्तरक्रिया" र "इलाकाका कार्यक्रम (योकोशिरो लालटिन महोत्सव) मार्फत अन्तरक्रिया" गरेका छौं र सबैभन्दा सुरुमा हामीले जापानी र विदेशी दुवैलाई स्व-परिचय कार्डहरू प्रयोग गरेर एकअर्कालाई चिन्ने मौका थियो र त्यसपछि नागरिक केन्द्रको परिचय गराउन संगत गर्ने मौका दियौँ।
साथै नागरिक केन्द्र प्रयोग गर्ने बासिन्दाहरूलाई एउटै स्कूल क्षेत्रमा यस्ता विदेशीहरू बसोबास गरेका छन् र नागरिक केन्द्रमा काम गर्दैछन् भनेर थाहा होस् भनेर "अनुहार देखिने बोर्ड बनायौँ।

● सबैभन्दा छाप परेको कुरा के थियो?

पहिलो भनेको सबै तरकारीको बीउ छरे पछिको कुरा हो। छेउछाउको खाली जग्गाबाट फैलिएका यूक्यू असगाओका लहराहरू नागरिक केन्द्रको वरिपरि बारमा बेरिएका थिए तर बीउ छर्ने काम सकिएपछि केही विदेशीहरूले याद गरेर तिनीहरूलाई सफासँग हटाउन प्रयास गरे। म खुसी थिएँ।
अनि अर्को एउटा कुरा। योकोशिरो लालटिन महोत्सवको उद्घाटन समारोहमा संसद सदस्यको बधाई भाषण पछि विदेशी स्वयंसेवकहरूको परिचय गराइएको थियो। यो इलाकामा भएका धेरै मानिसहरू भेला हुने ठाउँ भएकोले हामीलाई चिन्ने बहुमूल्य अवसर थियो।

● "नागरिक केन्द्रमा आधारित बनाएको बहुसांस्कृतिक सहजीवन शहर सिर्जना गर्ने" योजनाको बारेमा सुन्दा तपाईंलाई कस्तो लाग्यो?

प्रइमरीमा विभिन्न पृष्ठभूमिका बच्चाहरू पढ्छन् र विदेशी विद्यार्थीहरूको संख्या पनि बढ्दै गएको देखिन्छ। मैले अहिलेसम्म भेटेका बच्चाहरूमध्ये कोही "म जापानी भाषा बोल्न सक्छु तर साथीहरूसँग कुराकानी गर्न गाह्रो हुन्छ, म साथी बन्न चाहे पनि मेरो कुरा गलत बुझियो" भन्छन् र "प्रायः त्यत्ति बोल्दैनन् तर म खाजाको समयमा उनीहरूलाई बोलाउँदा उनीहरू मुस्कुराउँथे र थोरै कुरा गर्न सकें" भन्ने बच्चाहरू पनि थियो। यस्तै अनुभवको कारण योकोशिरो नागरिक केन्द्रमा अन्तरक्रियाको कार्य योजनाको बारेमा थाहा पाउँदा विदेशीहरूलाई राम्रोसँग बुझ्नको लागि भाग लिन चाहन्थे।

● तरकारी खेती मार्फत अन्तरक्रिया र लालटिन महोत्सवमा सँगै भाग लिएर कस्तो अनुभव गर्नुभयो?

सबैजना हँसिलो र मुस्कुराइरहेका थिए र उनीहरूले कुशलतापूर्वक तरकारीको लागि माटो तयार गर्ने र बिरुवा रोप्ने काम गरे, उनीहरू असल मानिसहरू हुन् जस्तो लाग्यो। स्व-परिचय गरेको धेरै रमाइलो थियो र लालटिन महोत्सवको तयारीमा भारी बोक्ने कामबाट उनीहरू पछि नहटेको देख्दा "म बूढो भए पनि म पनि सक्दो गर्नेछु!" भन्ने लाग्यो।
इलाकाका मानिसहरूले पनि सजिलै अभिवादन गर्नुभयो, वातावरण निकै राम्रो थियो।

यस्तो अन्तरक्रिया सुरु गरेका छौं
~ कोकुरा मिनामी वार्ड योकोशिरो स्कूल क्षेत्र ~

● तपाईंहरू दुई जनाको बारेमा बताउनुहोस्

मेरो नाम जाइरिल हो। म ३० वर्षको भएँ। म फिलिपिन्सबाट जापानमा आएको लगभग नौ महिना भयो। मेरो मनपर्ने जापानी खानाहरू फ्राइड चिकेन, रामेन, उडोन र याकिनिकु हो। धेरै धन्यवाद।

मेरो नाम रेइमार हो। म फिलिपिन्सबाट आएको, २९ वर्षको हुँ। म १० महिना अघि जापानमा आएको थिएँ। मेरा मनपर्ने खानाहरू उडोन र रामेन हो। धेरै धन्यवाद।

● जापानको बारेमा कस्तो छाप परेको छ?

जापान आउनुअघि जापान प्राविधिक रूपमा उन्नत, सुरक्षित देश हो जहाँ मानिसहरूले उचित शिष्टाचार पालना गर्छन् भनेर सोचेको थिए। अनि म वास्तवमा जापान आएँ, साच्चै त्यस्तै हो भनेर मैले महसुस गरें।

● तपाईंले किन जापानमा काम गर्ने निर्णय गर्नुभयो?

जापान आउनु मेरो सपना थियो। म सानो छँदादेखि नै डोराएमोन र स्ल्याम डङ्क जस्ता जापानी एनिमे मन पर्थ्यो र म जापान आउन चाहन्थें। अन्तर्वार्ता प्रक्रिया पछि केइशूकनले मलाई काममा राखेकोमा म आभारी छु। कम्पनीमा म "फर्मवर्क"मा काम गर्छु, तर मलाई "फर्मवर्क"को काम मन पर्छ। म जापानमा मेरो सीप तिखार्न चाहन्छु र कुनै दिन यो काम फिलिपिन्समा गर्न चाहन्छु।

● तरकारी खेती मार्फत अन्तरक्रिया गरेर कस्तो अनुभव गर्नुभयो?

बीउ रोप्दा सुरुमा माटो तयार गर्न मल मिसाउने, पानीमा भिजाएर बीउ हाल्ने जस्ता तरकारी उब्जाउने प्रक्रियाको बारेमा एकएक गरी सिकाइएकोले धेरै कुरा सिक्न सकें। म फिलिपिन्स फर्किएपछि पनि यस्तो तरिकाले तरकारी उब्जाउने प्रयास गर्न चाहन्छु। अन्य इलाकाका मानिसहरूसँग काम गर्न पाउँदा खुसी लाग्यो। धेरै रमाइलो थियो र बच्चाहरू र वयस्कहरू दुवैले एकअर्कालाई मद्दत गरिरहेका छन् भनेर लाग्यो।

यस्तो अन्तरक्रिया सुरु गरेका छौं
~ कोकुरा मिनामी वार्ड योकोशिरो स्कूल क्षेत्र ~

● योकोशिरो लालटिन महोत्सवमा स्वयंसेवा गर्दा कस्तो अनुभव भयो?

धेरै रमाइलो भयो। म एकपाङ्ग्रे ठेलामा बालुवा बोक्ने र कागजको लालटिनमा बालुवा हालेर मिलाउने जिम्मेवारी पाएँ। वयस्क र बच्चाहरू दुवैले व्याख्या गरिएको कुरा ध्यानपूर्वक सुने र त्यहाँ भएका सबैजना एकताबद्ध भएका थिए। मलाई विशेष गरी के कुराले मन छोयो भने कोही ठूलो होस् वा कान्छो, को धनी होस् वा उसको हैसियत के हो भन्ने कुराले फरक पार्दैनथ्यो। सबैजना बराबर जस्तो लाग्यो। अनि म विदेशी भए पनि फरक नगरी सबैले मलाई दयालु व्यवहार गरे। धेरै कुरा सिक्न सकेर एकदमै राम्रो अनुभव भयो।

● कृपया दुई चार शब्द भन्नुहोस्

म इलाकाका मानिसहरूसँग नजिक हुन चाहन्छु।
मलाई जापानी भाषा बोल्न आउँदैन त्यसैले मानिसहरूसँग अन्तरक्रिया गर्न चाहे पनि धेरै गाह्रो छ।
यदि नजिकै जापानी भाषाको कक्षा छ भने म जान चाहन्छु। म मेरो जापानी भाषा सुधार गर्न चाहन्छु र जापानी भाषामा कुराकानी गर्न सक्षम हुन चाहन्छु।

●इवानागा उद्योगको विदेशी कामदारहरूलाई स्वीकृत गर्ने बारेमा बताउनुहोस्।

श्रमिक अभावका कारण हामीले लगभग १० वर्ष अघि देखि प्राविधिक इन्टर्न प्रशिक्षार्थीहरूलाई स्वीकार गर्न थाल्यौं। हाल प्राविधिक इन्टर्न प्रशिक्षार्थी र निर्दिष्ट सीपहरूको विदेशीहरूलाई (फिलिपिन्स र भियतनामी) रोजगार दिन्छौं। प्राविधिक इन्टर्न प्रशिक्षार्थीहरूको लागि जापानी भाषा शिक्षाको बारेमा परामर्श गरेपछि म पहिलो पटक किताक्युशु अन्तर्राष्ट्रिय संघसँग जोडिए।

●इलाकाको अन्तरक्रियाको बारेमा तपाईंलाई कस्तो लाग्यो?

उनीहरूले धेरै मेहनत गरिरहेका छन्।
जवान र शारीरिक रूपमा तन्दुरुस्त भएकोले म इलाकाको लागि केही मद्दत गर्न सक्ने भए भनेर सोचेको थिएँ, नागरिक केन्द्रका भवन निर्देशक मासुमोतो जीले इलाकाका बासिन्दाहरूसँग अन्तरक्रिया गर्न एउटा कार्यक्रमको योजना बनाउन सुझाव दिनुभयो र मैले यसमा प्रयास गर्ने निर्णय गरें।

यस्तो अन्तरक्रिया सुरु गरेका छौं
~ कोकुरा मिनामी वार्ड योकोशिरो स्कूल क्षेत्र ~

यस्तो अन्तरक्रिया सुरु गरेका छौं

~ कोकुरा मिनामी वार्ड योकोशिरो स्कूल क्षेत्र ~

यस्तो अन्तरक्रिया सुरु गरेका छौं

~ कोकुरा मिनामी वार्ड योकोशिरो स्कूल क्षेत्र ~

सजिलो जापानी भाषा र अनुवाद एप

- "सजिलो जापानी भाषा" भनेको गाह्रो शब्दहरू र अभिव्यक्तिहरूलाई सरल शब्दहरूमा बदल्ने र वाक्यहरू छोटो पारेर सबैका लागि बुझ्न सजिलो हुनेगरी बताउने जापानी भाषा हो। विदेशीहरू मात्र नभई बच्चाहरू, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्तिहरू आदि विभिन्न पृष्ठभूमिका मानिसहरूसँग कुराकानी गर्न उपयोगी छ।

"सजिलो जापानी भाषा" का मुख्य बुँदाहरू

बुँदा १ बुझ्न सजिलो हुनेगरी बोल्नुहोस्

① सरल शब्दहरू प्रयोग गर्ने

× kinyu suru (भर्ने)
○ kaku (लेख्ने)

× irasshatte kudasai (कृपया आउनुहोस्)
○ kite kudasai (आउनुहोस्)

② उपभाषालाई सन्तुलित रूपमा प्रयोग गर्ने

× kore, kaitotte (यो लेख्नुहोस्)
○ korewo kaiteoite kudasai (कृपया यो लेख्नुहोस्)

③ अनुकरणात्मक वा नक्कली शब्दहरू प्रयोग नगर्ने

× amega zaazaa futteiru (पानी परिरहेको छ)
○ amega takusan futteiru (पानी धेरै परिरहेको छ)

बुँदा २ स्पष्टसँग बोल्नुहोस्

① अस्पष्ट बोली नबोल्ने

× fukuro daijobudesu (झोला ठीक छन्)
○ fukurowa irimasen (झोला आवश्यक छैन)

② अन्त्यसम्म स्पष्ट बोल्ने

× ochawa? (चिया?)
○ ochawo nomimasuka? (चिया पिउनुहुन्छ?)

बुँदा ३ छोटो गरेर बोल्नुहोस्

लामा वाक्यहरूलाई छोटो वाक्यमा विभाजन गर्ने

बुँदा: "~ です(desu.) " "~ ます(masu.)" को अभिव्यक्ति प्रयोग गरेर बोल्दा जापानी भाषामा त्यति राम्रो नभएका मानिसहरूलाई पनि बुझ्न सजिलो हुन्छ।

× raigetsu omatsuriga arunyakedo, misemo ippai dete tanoshiike, isshoni ikannne? (अर्को महिना एउटा महोत्सव छ, त्यहाँ धेरै पसलहरू राखिएकाले रमाइलो हुनेछ, मसँग आउन चाहनुहुन्छ?)

○ raigetsu, kouennde matsuriga arimasu. (अर्को महिना पार्कमा महोत्सव हुनेछ।) misega takusan arimasu. (धेरै पसलहरू राखिएका छन्।) totemo tanoshiiidesu. (धेरै रमाइलो छ।) yokattara isshoni ikimasennka? (मसँग आउन चाहनुहुन्छ?)

जापानी भाषामा कुराकानी गर्न गाह्रो लाग्छ भने अनुवाद एप पनि प्रयोग गर्ने तरिका पनि छ। एपहरू प्रयोग गर्दा सजिलो जापानी भाषा प्रयोग गर्नाले अनुवाद त्रुटिहरू कम हुनेछन्।

गुगल अनुवाद
स्थापना गर्न आवश्यक छैन
(एप संस्करण पनि उपलब्ध छ)

VoiceTra
स्मार्टफोन एप

VoiceTra_QR_AppStore(jp)_20191023

VoiceTra_QR GooglePlay(jp)_20191023

किताक्युशु शहर बहुसांस्कृतिक सहजीवन वान्-स्टप सूचना केन्द्र

समर्थित भाषाहरू : जापानी भाषा, अंग्रेजी भाषा, चिनियाँ भाषा र भियतनामी भाषा सहित २४ भाषाहरू

- ●विदेशीहरूको लागि परामर्श काउन्टर
- आफ्नो दैनिक जीवनको विषय, कामको विषय र आफ्ना बच्चाहरूको स्कूलको विषय सहित कुनै पनि कुराको बारेमा परामर्श गर्न सक्नुहुन्छ।
  सजीलो जापानी भाषा, अंग्रेजी भाषा, चिनियाँ भाषा, भियतनामी भाषा आदि बोल्न सक्नुहुन्छ।
  एक्लै चिन्ता नगर्नुहोस्, सुरुमा परामर्श गरौं।
- विदेशी परिचित व्यक्तिको सट्टा परामर्श गर्न चाहनेहरू, सहजीवनको लागि कार्य योजनाहरूमा भाग लिन चाहने नागरिक केन्द्रहरू र छिमेकी संघका सदस्यहरू र बहुसांस्कृतिक सहजीवनको बारेमा थप जान्न चाहनेहरू आदि हामी जापानी नागरिकहरूबाटको परामर्श पनि स्वीकार गर्छौं।

○विशेषज्ञ परामर्श

- प्रवेश, बसोबास र भिसा प्रक्रिया परामर्श: प्रशासनिक प्रक्रिया विशेषज्ञ (प्रशासनिक लेखक) सँग परामर्श गर्न सक्नुहुन्छ।
  (दोस्रो शनिबार दिउँसो १:०० देखि साँझ ४:०० *दोभाषे चाहिन्छ भने बुक्किङ गर्न आवश्यक छ)
- कानूनी परामर्श: आवास, विवाह, श्रम समस्याहरू आदि बारे वकिलसँग परामर्श गर्न सक्नुहुन्छ।
  (चौथो शनिबार दिउँसो १:३० देखि साँझ ४:३० *बुकिङ गर्न आवश्यक छ)
- मनोवैज्ञानिक परामर्श: क्लिनिकल मनोवैज्ञानिकसँग परामर्श गर्न सक्नुहुन्छ।
  (मिति र समयको बारेमा परामर्श गर्नुहोस्। *बुकिङ गर्न आवश्यक छ)

●बहुभाषी जानकारीको प्रदान

विदेशी बासिन्दाहरूले किताक्युशु शहरमा सुरक्षित र ढुक्क महसुस गर्दै बस्न मद्दत गर्न धेरै भाषाहरूमा प्रशासनिक र दैनिक जीवन जानकारी प्रदान गर्दछौं।

facebook

●दोभाषे सेवा

वडा कार्यालयहरू, प्राथमिक र माध्यमिक विद्यालय आदि किताक्युशु शहरका सार्वजनिक संस्थाहरूमा निःशुल्क दोभाषे प्रदान गर्दछौं

*कार्यक्रमहरू र व्यक्तिगत सामग्री समावेश गरिने छैन

खुल्ने समय	सोमबार देखि शुक्रबार (सार्वजनिक बिदा र वर्षको अन्त र नयाँ वर्षको बिदा बाहेक) बिहान ९:३० देखि साँझ ४:०० सम्म
टेलिफोन नम्बर	☎ : ०८०-६४४५-२६०६
ठेगाना	किताक्युशु अन्तर्राष्ट्रिय संघ, कमसिटी ३F, ३-१५-३ कुरोसाकी, याहाता-निशी वार्ड, किताक्युशु शहर

जापानी र विदेशीहरूको लागि

स्थानीय अन्तरक्रिया पुस्तिका

- दयालुताका साथ सुरुवात हुने सहजीवन समाज

सन् २०२६ फेब्रुअरीमा जारी गरिएको
प्रकाशित: सार्वजनिक हित प्रतिष्ठान किताक्युशु अन्तर्राष्ट्रिय संघ

फेसबुक

15-3 कुरोसाकि 3 चौमे, याहाता निशि वार्ड, किताक्युश्यु शहर, हुकुओका जील्ला
TEL ०९३-६४३-५९३१/ Email kia@kitaq-koryu.jp
URL https://www.kitaq-koryu.jp/

यो पुस्तिका साधारण प्रतिष्ठान संस्था स्थानीय निकाय अन्तर्राष्ट्रिय सम्बन्धका परिषद्को "बहुसांस्कृतिक सहजीवन शहर योजना प्रवर्द्धन परियोजना" को सहयोगमा सिर्जना गरिएको हो